# वराहक्षेत्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी सुनसरी

१ नं. प्रदेश नेपाल

प्रथम पटक प्रकाशित मितिः २०७७/०७/२३

## शिलबन्दी दरभाउ पत्रको सूचना

यस वराहक्षेत्र नगरपालिकाको लागी तपशिल बमोजिमका बिद्युतिय सामाग्री (ब्राण्डेड डेस्कटप कम्प्युटर) खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक आधिकारिक बिक्रेताबाट यो सूचनाको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्रै शिलबन्दी दरभाउ पत्र पेश गर्न आव्हान गरीएको छ । बिस्तृत बिबरण सहितको सूचना यस कार्यालयको वेवसाईट **www.barahamun.gov.np** मा गई डाउनलोड गरी हेर्न वा नगरपालिकाको सूचना प्रविधि शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

शर्तहरुः-

१. बोलपत्र प्रति रु १,००० (एक हजार) फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको सूचना प्रविधि शाखाबाट खरिद गर्न सकिनेछ । दरभाउ पत्र फारम खरिद गर्दा निवेदनका साथ अध्यावधिक (नविकरण) भएको फर्मको ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र (आ.व.२०७६/०७७ को), कर चुक्ता प्रमाण पत्र प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र खरिद गर्ने र १६ औ दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता हुन आएका शिलबन्दी बोलपत्र सोहि दिन ठिक २:०० बजे यसै कार्यालयका प्रतिनिधी र बोलपत्र दाता वा निजहरुको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ, सो समयमा बोलपत्र दाता वा निजहरुका प्रतिनिधीहरुको उपस्थिती नभए पनि बोलपत्र खोल्न बाध्य पर्ने छैन ।

३. बोलपत्र पेश गर्दा तपशिलको रकम वराहक्षेत्र नगरपालिका कार्यालयको नाममा रहेको मेगा बैङ्क नेपाल चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं ०२२००१०११७४०४ मा जम्मा गरी सो को सक्कलै भौचर वा मान्यता प्राप्त बैङ्कको ९० दिन म्याद भएको बिडबण्ड सक्कलै दरभाउ पत्र साथ संलग्न गर्नु पर्नेछ ।

४. बोलपत्र दाताले खरिद कार्वाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखित रुपमा गरेको स्वघोषणा बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५. बोलपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको बिबरण र बोलपत्र दाताको फर्मको नाम,ठेगाना र सम्पर्क नं स्पष्ट रुपले उल्लेख गरेको हुनुपर्नेछ ।

६. प्राप्त बोलपत्र मध्ये सबैभन्दा कम कबोल गर्ने एउटै वा फरक फरक बोलपत्र स्वीकृत गर्न सकिने छ ।

७ प्राप्त बोलपत्र स्वीकृत गर्ने वा आंशिकस्वीकृत गर्ने, घटी वा बढी अङ्क वालालाई दिने वा नदिने सो सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

८. बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको फारममा नै भरिएको, कुनै थपघट वा द्रस्टब्य नलेखेको हुनुपर्नेछ ।

९. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरित भएको बोलपत्र माथी कुनै कार्वाहि हुनेछैन ।

१०. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले कामको सम्बन्धमा राम्रो संग बुझी दरभाउ पत्र भरेको हुनु पर्नेछ ।

११. बोलपत्र भर्दा केरमेट नगरी प्रस्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेख भएका दररेटमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१२. बोलपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोली पल्ट सो कार्यहरु हुनेछ ।

१३. बोलपत्र दररेट उल्लेख गर्दा मु.अ.क सहितको मुल्य उल्लेख गर्नु पर्नेछ ।

१४. दरभाउ दाताले नक्कली कागजात पेश गरेको पाईएमा निज दरभाउ पत्रदाताको दरभाउ पत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धीत निकायमा सिफारिस गरिनेछ । साथै निजको जमानत समेत जफत हुनेछ ।

१५. नियमानुसार तिर्नु बुझाउनु पर्ने कर दस्तुर आदि दरभाउ पत्र पेश गर्ने फर्म स्वयंले व्यहोर्नु पर्नेछ ।

१६. एक फर्मको नाममा खरिद भएको दरभाउ फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१७. बोलपत्र स्वीकृत भए पछि आवश्यकता अनुसार कार्यालयबाट आदेश दिईने छ र सो आदेश प्राप्त भएको ७ दिन भित्र उल्लेखित सामाग्री उपलब्ध गराउनु पर्नेछ । बोलपत्र दाताले उपलब्ध गराएको सामाग्री कमसल भएमा सामान फिर्ता गरीने छ र सो को भुक्तानी गरीने छैन ।

१८.बोलपत्र दाताले १ (एक) बर्ष सम्म उक्त सामाग्रीहरुको मर्मत सम्भार गर्न सक्ने व्यहोराको आधिकारीक पत्र समावेश गर्नु पर्नेछ ।

१९. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावलि र प्रचलित कानुन अनुसार हुनेछ ।

**तपशिलः-**

| सि.नं | ठेक्का नं | कामको बिबरण | लागत अनुमान (भ्याट सहित) | संख्या | दरभाउ पत्र खरिद गर्ने मिति र समय | दरभाउ पत्र दर्ता मिति र समय | दरभाउ पत्र खुल्ने समय | दरभाउ पत्र दस्तुर | धरौटी रकम (रु) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १८/२०७७/०७८ | ब्राण्डेड कम्प्युटर खरिद तथा ढुवानी सहित | १०,१२,५००।- | १५ थान | २०७७/०८/०७ गते कार्यालय समय सम्म | २०७७/०८/०८ दिनको १२:०० बजे | २०७७/०८/०८ दिनको २:०० बजे | १,०००।- | ५१,०००।- |

प्रमुख प्रशासकीय अधिकृत